# प्रबल वाणी
PRABALWANI
दैनिक
जि. प्रशा. का. पर्सा द. नं. ३०३/०७८/०७९

* वर्ष ३ अंक १४१ * वि.सं. २०८० पौष १३ गते शुक्रबार 29 December 2023, Friday * पृष्ठ संख्या ४ * मूल्य १० रुपैयाँ


## शनिबार देखि सात दिने भागवत ज्ञान यज्ञ शुरु हुने



वीरगंज, १२ पौष । वीरगंज आउँदो १४ गते शनिबार देखि वीरगंज–१५ ब्रम्ह चौक स्थित लक्ष्मी प्याराडाईज होटल एण्ड लजमा ७ दिने संगितमय भदभागवत कथा एवं ज्ञान यज्ञ संचालन हुने भएको छ ।

सोही स्थानमा आज एक पत्रकार सम्मेलनको आयोजना गरि आयोजकले स्वास्थ्यको लागि ५ दिने मेडिटेशन कक्षा समेत आयोजना गरिने जनाएको छ ।

१५ गते शनिबार विहान ९ बजे कलश यात्रा र सोही दिन दिउँसो २ बजे देखि ५ बजे सम्म प्रवचन कार्यक्रम संचालन हुने आयोजक समितिका सचिव सुरेश शर्माले

***बाँकी चौथो पेजमा***

## गहुँको मूल्य प्रतिक्वीन्टल ३६५० रूपैयाँ तोक्ने सरकारको निर्णय



काठमाडौं, १२ पौष । सरकारले आर्थिक वर्ष २०८०/०८१ का लागि गहुँको समर्थन मूल्य प्रतिक्वीन्टल ३६५० रुपैयाँ निर्धारण गर्ने निर्णय गरेको छ ।

बिहीबार दिउँसो बसेको मन्त्रिपरिषद बैठकका निर्णय सार्वजनिक गर्दै सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले गहुँको समर्थन मूल्य प्रतिक्वीन्टल ३६५० रुपैयाँ निर्धारण गर्ने निर्णय भएको जानकारी गराएकी हुन्।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा उक्त मूल्य निर्धारण गरिएको मन्त्री शर्माले जानकारी दिइन् ।

## एपीएफसँग हारे पनि पर्सा-११ सेमिफाइनलमा



वीरगन्ज, १२ पौष । सशस्त्र प्रहरीको एपीएफ क्लबसँग हारे पनि पर्सा–११ नेपाल प्रो–क्लब चयाम्पियन टी–२० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

वीरगन्जस्थित नारायणी रंगशालाको क्रिकेट मैदान बिहीबार भएको खेलमा एपीएफसँग ८ रनले पराजित भए पनि पर्सा–११ रन रेटका आधारमा अन्तिम चारमा पुग्न सफल भएको हो ।

एपीएफले दिएको १२९ रनको लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा उत्रिएको पर्सा११ ले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १२० रन मात्र बनाएपछि एपीएफले खेल ८ रनले जित्यो। तर रन रेटमा उ पछि परेका कारण पर्सा ११ ले सेमिफाइनलमा स्थान सुरक्षित गर्‍यो। एपीएफले पर्सा–११ लाई ९७ रनमै अलआउट गर्न सकेको भए पर्सा–११ सेमिफाइनलमा पुग्नबाट बञ्चित हुने थियो ।

बिहीबारको खेलमा पर्सा–११ का लागि रुपेश सिंहले आक्रमक ब्याटिङ गरे । सिंहले ३७ बलमा अविजित ४६ रन बनाए । अनिल साहले ८ बलमा १६ रन , इमरान शेखले १० बलमा १५ रन र सुरज पटेलले १८ बलमा १५ रन बनाए ।

बलिङतर्फ एपीएफका अबिनाष बोहराले चार ओभरमा १५

***बाँकी चौथो पेजमा***


## विश्रामपुर गाउँपालिकाको अनुरोध

**सडक चोकमा होडिङ्ग बोर्ड, साईन बोर्ड, ब्यानर राख्दा गाउँपालिकासँग पुर्व स्विकृति लिएर मात्र राखौं ।**

विश्रामपुर गाउँपालिकाको कार्यालय
विश्रामपुर, बारा



# Paterwa Sugauli Rural Municipality
## Office of Rural Municipal Executive
Paterwa Sugauli, Parsa
Madhesh Province (NEPAL)

## Notice of Invitation For Sealed Quotation

**First Date of Publication: 2080/09/13 (29th December 2023)**

1. Paterwa Sugauli Rural Municipality, Parsa Invites Sealed Quotation From eligible Nepalese bidders for the following works.

| S.N. | Contract Id No. | Project Name | Bid Validity Period/ Security period from the last date of submission | Estimated Amount (Inclusive VAT) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/PSRMUN/WORKS/2080/081 | Incomplete Road Construction Work, Ward-4 (Pathraiya) | 45/75 days | 1,459,986.4 | 37,500.00 | 1000.00 | |
| 2. | 02/PSRMUN/WORKS/2080/081 | Incomplete Drain Construction Work, Ward-1 & 3 (Sonbarsa Main Road) | 45/75 days | 1,947,916.68 | 50,000.00 | 1000.00 | |
| 3. | 03/PSRMUN/WORKS/2080/081 | Compound Wall Construction Work, Ward-1 (Office) | 45/75 days | 1,460,767.86 | 37,500.00 | 1000.00 | |
| 4. | 04/PSRMUN/WORKS/2080/081 | Drain Construction Works, Ward-5 (Main Road Maniharwa) | 45/75 days | 1,948,076.7 | 50,000.00 | 1000.00 | |

Further Information's to bidder:

| | |
|---|---|
| Deadline for Bid Purchase : | 2080/09/29 (01/14/2024) |
| Deadline for Bid Submission | 2080/10/02 (01/16/2024) till 12:00 Noon |
| Date , Time & Place of Bid Opening | 2080/10/02 (01/16/2024) 1:00 pm at Paterwa Sugauli Rural Municipality |
| Account No. for Bid Security Deposit: | Name of Bank :- Sanima Bank ,Paterwa Sugauli-ParsaName of Office :- Paterwa Sugauli Ga.Pa. Dharauti Khata Ga-3Office Account no : 064010020000005 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Paterwa Sugauli Rural Municipality Office , Parsa

3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

4. A complete set of bids Documents may be purchased from the Paterwa Sugauli Rural Municipality Office, Parsa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as per above date .

5. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

प्रबल वाणी PRABALWANI दैनिक

प्रबल वाणी दैनिकका लागि

प्रकाशक/निर्देशक

राकेश प्रसाद चौरसिया

सम्पादक

हरि किशोर प्रसाद

कार्यालय : आदर्शनगर–१० वीरगंज (पर्सा)

फोन नं. ९८४५२६७६५६

Email:waniprabalnews@gmail.com

मुद्रक : पौडेल अफसेट प्रेस, वीरगंज–०८

# जातीय विभेद

जतिसुकै आधुनिक सभ्य समाज र विकसित संस्कारको कुरा गरे पनि जातीय विभेदले समाजलाई नराम्रोसँग माखेसाङ्लोमा बेरेर राखेको छ। जात व्यवस्था के हो र यसको जड कहाँ छ ? त्यो जान्न वेदमा आधारित वर्ण व्यवस्थासम्म पुग्नुपर्छ। वेद परम्परामा चल्ने आर्यहरूको धार्मिक, सामाजिक र मानसिक संरचनाले हिन्दु आर्य सभ्यताभित्र जात व्यवस्था हुर्काएको छ।

जात व्यवस्थाको स्रोत वर्ण व्यवस्था हो। सुरुमा कामको आधारमा विभाजन गरिएको वर्ण दक्षिण एसियाली समाजमा विशेषगरी भारत र नेपालमा जात व्यवस्थामा परिणत भयो। र, बलियो गरी जरा गडेर बसेको छ। आधुनिक संविधान ऐन र कानुनलाई चुनौती खडा गरेर समाजमा विद्यमान छ। हजारौं वर्षअघि हिन्दु समाजमा प्रचलित चार वर्ण (ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र) भनेर चार प्रकारको श्रममा आधारित वर्ण व्यवस्था अन्ततः जात व्यवस्थाको घिनलाग्दो रूपमा फैलियो। र, जन्मकै आधारमा ठूलो र सानो हुने काममा निषेध र वर्जित गरिने, छोएको कान हुने र नहुने घरभित्र पस्न मिल्ने र नमिल्नेजस्तो अमानवीय तवरले अभ्यासमा आयो।

तत्कालीन समयको त्यो गलत प्रथा र परम्परा आज अवशेषका रूपमा नभएर शक्तिशाली नै भएर देखा पर्छ। जातका आधारमा काम र प्राथमिकता, उँच र नीच सम्झने परिपाटी, मानसिकता, सामाजिक संरचना जात व्यवस्थाका आधार र बिम्बहरू हुन्। जात व्यवस्थाले निर्धारण गरेको तहगत वर्गीकरण नै क्षमता प्रतिभा र अवसरका लागि बाधक र घातक हुन्छ। जात व्यवस्थामा उपल्लो जात भनिनेको सामाजिक हैसियत त्यसै माथि राखिन्छ। जसकारण तल्लो भनिने जात वर्गमा परेकाहरूलाई अन्याय हुन्छ। जात योग्यता र अयोग्यताको कसी होइन। गत मंसिरमा सिफारिस भएका ६ न्यायाधीशको अनुहारमा पनि एक अपवाद छोडेर हाम्रो जातव्यवस्था र वर्चस्वको विगतको निरन्तरता देखिन्छ।

दलितको पानी चलेको थिएन। तर मर्नु न बाँच्नुको अवस्थामा रगत चलेको थियो। यस पटक मुगुमा दलित स्वास्थ्यकर्मीले दिएको औषधि चल्दैन भनियो। जुग फेरियो। जमाना र व्यवस्था परिवर्तन भयो। तर मान्छेको मनभित्र गहिरोसँग बसेको जात ठूलो र सानो मान्ने मस्तिष्क फेरिएन। नीतिगत तहमा बस्ने र नीति कार्यान्वयन गराउनेहरू पनि यसतर्फ उदासीन छन्। समाज परिवर्तन बिस्तारै हुन्छ र हिजोभन्दा आज भएको छ। कानुनले कसैलाई अवसरबाट वञ्चित गर्ने कुरा गरेको छैन। संविधानमा नै प्रस्टसँग दलित हक अधिकार र राष्ट्रिय दलित आयोगको समेत व्यवस्था क्रमशः धारा, २४, ४० र २५५ मा गरिएको छ भनेर संविधानको निर्जीव अक्षरमा संकेत गरिन्छ।

रुकुममा नवराज मारिएको देखि हरेक दिनजसो देशभरबाट आउने जातीय विभेद छुवाछूत र अपमानको घटनालाई अपवाद भनेर सामान्यीकरण गरिन्छ। दलित समुदायप्रति आजपर्यन्त हाम्रो समाज अनुदार, कठोर र असहिष्णुमात्र छैन निषेध र वञ्चितीकरणमै जोड दिन्छ। हाम्रो प्रशासनिक निकायदेखि अ□ा अदालत, प्रहरी, सेना सबैतिर दलित समुदायको प्रतिनिधित्व टिठलाग्दो छ। शिक्षामा विभेददेखि सामाजिक विभेद, सम्पत्तिको हकमा असहजतालगायत सयौं वर्षदेखि उत्पीडन र दलनको अनुहार आज पनि देखिन्छ।

पुस पहिलो हप्ता एकैपटक ९ जना महिलाको निजामती सेवाको विशिष्ट श्रेणीको सचिवमा बढुवा नेपालको इतिहासमा यो निश्चय युगान्तकारी घटना थियो। पुरुष बाहुल्य निजामती सेवामा यति महिला एकैपटक आउनुमा पनि राज्यले गरेको समावेशिताको सिद्धान्त कामयावी बनेर यो सम्भव भएको हो। हरेक समूहमा समावेशिताको लागि खुला पदपूर्ति हुनेमध्ये ४५ प्रतिशत विभिन्न समुदायको लागि छुट्ट्याएको हुन्छ। ४५ प्रतिशतलाई शतप्रतिशत मानेर महिलाका लागि ३३ आदिवासी जनजातिका लागि २७, मधेसी र दलित, अपांगता र पिछडिएको समूहका लागि क्रमशः २२, ९, ५ र ४ कोटाको व्यवस्था गरिएको कारण प्रतिनिधित्व बढेर केही आशाको सञ्चार भएको छ।

# पहिचानबारे जबर्जस्त सिर्जित भ्रम

## राजेन्द्र सुब्बा

देशमा संघीयता दुई अवस्थामा अंगीकार गरिन्छ। पहिलो, देशको भूगोल विशाल छ र केन्द्रबाट मात्रै सबै ठाउँ तथा तहमा बसोबास गर्ने जनतालाई राज्यको अनुभूति गराउन सम्भव हुँदैन। हो, यस्तो परिवेशमा संघीयताले प्रभावकारी काम गर्न सक्छ। दोस्रो, जातीय, भाषिक, सांस्कृतिक तथा भौगोलिक विविधता छ भने त्यसलाई सम्बोधन गर्न संघीय व्यवस्था आवश्यक पर्छ। यस आलेखमा पहिलो प्रकारको संघीय व्यवस्थाबारे चर्चा गरिएको छैन। दोस्रो अर्थात् पहिचानसहितको संघीयताको बहसमा केन्द्रित छ।

पहिचानको बुझाइमा एकरूपता छैन। यसो हुनुको पछाडि बहस गर्ने व्यक्तिको पृष्ठभूमिले मुख्य भूमिका खेलेको पाइन्छ। पहिचान भनेको जातीय समुदाय मात्र होइन। बरू उनीहरूले निर्माण गरेका इतिहास, एउटा निश्चित भूगोल, त्यो भूगोलभित्र विकास भएका संस्कार, संस्कृति र परम्परा सबै पर्छन्। यो आफैंमा छुट्टै राष्ट्रियता हो। यस्ता विविधताले सिर्जना गरेका समस्या धर्म, संस्कार, संस्कृति, भाषा आदिको विकास तथा प्रवर्द्धन गर्न संघीयता नै सबैभन्दा उत्तम विकल्प हो। तर, धेरैलाई यही कुरा पाच्य हुन सकेन।

पहिलो संविधानसभा गठनपछि पहिचान मुद्दाबारे प्रशस्त बहस भए। तर, त्यसलाई सकारात्मक नभई नकारात्मकतर्फ धकेलियो। पहिचानको मुद्दालाई जात वा जातिभन्दा बाहिर निकालेर बहुआयामिक पक्षमाथिको बहसलाई बन्द गरियो। यो सबैभन्दा दुःखद् कुरो थियो। शासक वर्गले "फुटाउ र शासन गर" सिद्धान्तलाई निर्मम प्रयोग गर्‍यो। र, पहिचानको मुद्दालाई निस्तेज पार्न सफल भयो। त्यसबेला भएका पहिचानमाथिका वादप्रतिवादलाई छोटो लेखमा उल्लेख गर्न सम्भव छैन। तर, जति विवाद भए, ती सबै निर्मित विवाद थिए।

पहिचान भनेको जातीय समुदाय मात्र होइन। बरू उनीहरूका इतिहास, एउटा निश्चित भूगोल, त्यहाँ विकसित संस्कार, संस्कृति र परम्परा सबै पर्छन्।

संविधानसभा गठनको महत्व छुट्टै थियो। पहिचानबारे सबैभन्दा धेरै बहस भएको थियो। जनताले आफ्ना लागि आफ्नै हातले संविधान लेख्न त्यो सुनौलो अवसर थियो। सबैको हकअधिकारलाई समान र सम्मानपूर्वक सम्बोधन गर्ने सुनौलो अवसर थियो। विडम्बना उक्त संविधानसभा ऐतिहासिक दायित्व पूरा गर्न चुक्यो। त्यो असफलताका पछाडि धेरै कारण थिए। मुख्य भनेको पहिचानबारे चर्केको बहस नै थियो। बाँकी अन्य तपसिलका कारण थिए। पहिचान बहस विशेषगरी ब्राह्मण र क्षत्री समुदायको ठूलो हिस्साले पचाउन सकेन। अनेक बहानापछि पहिचान मुद्दा र बहसलाई निस्तेज पार्ने एउटै मात्र विकल्प संविधानसभालाई असफल पार्नु थियो। अन्तमा त्यही गरियो। संविधानसभा विघटनसँगै संविधानको नाममा खर्च भएको अर्बौं लगानी बालुवामा पानी हालेसरह भयो।

पहिचानलाई जात/जातिसँग जोडियो। जातका आधारमा प्रदेश संरचना निर्माण गरियो भने त्यसले विखण्डन निम्त्याउँछ भनियो। मधेस भारतमा विलय भइहाल्छ, पूर्वको भाग सिक्किमीकरण हुन्छ आदि मिथक सिर्जना गरियो। ती मिथकका पछाडि आदिवासी जनजाति र मधेसी समुदाय इतरका ठूलो हिस्सा छँदै थियो। त्यसमा मूलधारका सञ्चारमाध्यमको भूमिका पनि सशक्त नै थियो। दोस्रो संविधानसभासम्म आइपुग्दा पहिचानको मुद्दा उठ्नै नसक्ने गरी थला पारियो। संविधान लेख्न अघिल्लो संविधानसभाले तयार पारेका सबै आधार निस्तेज पारिए। गुरिल्ला शैलीमा संविधान जारी गरियो। संविधानसभाभित्र हुँदै आएका बहस र असहमतिका आवाजलाई गलहत्याएर सडकमा पुर्‍याइयो। उनीहरू अझै सडकमै छन्। अब रहृयो प्रश्नः उनीहरूका आवाज राज्यले सुन्ने कि नसुन्ने ? पहिचानमा आधारित संघीयताले विखण्डन निम्त्याउँछ भन्ने मिथकको गतिलो जवाफ मधेस प्रदेश हो। मधेस प्रदेश निर्माणसँगै वर्षौंदेखि हुँदै आएका द्वन्द्व र अन्य असन्तुष्टि न्यून भएर गएका छन्। राष्ट्रियता पहिलाभन्दा मजबुत बनेको महसुस हामीले गर्न सक्छौं।

संविधान निर्माणका दौडान जबर्जस्त निर्माण गरिएको अर्को मिथक थियो पहिचानमा आधारित संघीयताले जातीय तथा सामाजिक द्वन्द्व निम्त्याउँछ। जसरी बहस भए पनि पहिचान संघीय संरचनाको प्रमुख आधार हो। भौगोलिक, सामाजिक, सांस्कृतिक तथा भाषिक विविधतालाई सम्बोधन गर्ने उचित र भरपर्दो माध्यम त संघीयता नै हो। मधेसमा प्रायः दिनहुँ समाचार बन्ने द्वन्द्व, झडप आदि न्यून हुँदै गएको छ। त्यहाँ बसोबास गर्ने बहुसंख्यक मधेसी र थारू समुदायले आत्मसम्मान बोध गरेका छन्। अन्य समुदाय शान्ति र आनन्दले बस्न पाएका छन्। यो पहिचानमा आधारित संघीयताको देन हो।

अर्को जबर्जस्त मिथ थियो कि पहिचानमा आधारित संघीयताले त्यो प्रदेशभित्र बसोबास गर्ने बहुसंख्यक समुदायले अन्यमाथि थिचोमिचो गर्छन्। त्यसकारण समाजमा द्वन्द्व, अशान्ति र असुरक्षा बढ्छ। संसारभर यो मिथको ठीक उल्टो परिणाम छ। त्यसले समाजमा शान्ति, एकता र सुशासन कायम गर्न मद्दत गरेको छ। यसले बरु उल्टै राष्ट्रियता मजबुत बनाएको छ। संघीय संरचना लागू नभइसकेको अवस्थामा हामीले अन्य देशको उदाहरण हेर्‍यौं। देशमा संघीय प्रणाली लागू भइसकेको छ। अब अन्य देशको उदाहरण आवश्यक पर्दैन। पहिचानमा आधारित संघीय संरचना "मधेस प्रदेश"मा सामाजिक, जातीय वा धार्मिक द्वन्द्वको समाचार पहिलाको तुलनामा न्यून भइसकेको छ। त्यसैले पहिचानमा आधारित संघीय संरचनाले सामाजिक, जातीय वा अन्य किसिमका द्वन्द्व निम्त्याउँछ भन्ने मिथ यही गलत साबित भइसकेको छ।

संघीयता नभनिए पनि लिम्बू जातिले भूमिसुधार ऐन २०२१ लागू हुनुअघि स्वायत्तता उपभोग गर्दै आएका थिए। उक्त स्वायत्तता संघीयताका धेरैजसो गुणासँग मिल्दोजुल्दो नै थियो। हुन त यो विषयमा धेरै बहस भएको छैन।

***बाँकी तेश्रो पेजमा***

# सेयर प्रिमियम खर्च र लेखांकन

## ज्योति दाहाल

सेयर प्रिमियम शब्द अहिले निकै चर्चामा छ। विभिन्न कम्पनीले प्रिमियममा आईपीओ (इनिसियल पब्लिक अफरिङ) जारी गरिरहेका छन्। सेयर प्रिमियमबाट वितरण गरिएको बोनस सेयर बराबरको रकमलाई कम्पनीको आम्दानी हो भन्दै सरकारले कर असुलसमेत गरिसकेको छ। कम्पनी गाभ्दा प्राप्त हुने स्वाप रकम र हकवालाले नलिएर बाँकी रहेको सेयर पुनः जारी गरेर प्राप्त गरेको थप रकमलाई समेत बोनस सेयरको रूपमा वितरण गरेमा त्यसलाई समेत आम्दानी मान्दै कर असुल गरेको छ। सेयर प्रिमियम के हो ? कानुनमा के छ ? यसको उपयोग कसरी गरिन्छ ? र कम्पनीको हिसाब किताबमा कहाँ कसरी राखिन्छ ? यी आदि कुराको बारेमा यस आलेखमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ।

### प्रिमियम किन ?

कम्पनी स्थापना हुनुभन्दा अघिदेखि नै खर्च हुन्छ। स्थापना हुनासाथ नाफामा जान्छ भन्ने हुन्न। खुद नाफा कमाएर लाभांश बाँड्ने कुरा त कल्पना बाहिरको कुरा हो। कम्पनीको उद्देश्यअनुसारको कार्य गरी सञ्चालन खर्च धान्न पनि गाह्रो परेको बेला संस्थापकले आफ्नै रकम लगाएर कम्पनीलाई नाफा हुने अवस्थासम्म पुर्‍याएका हुन्छन्। एउटा कम्पनी स्थापनापश्चात् उद्देश्यअनुसारको कार्य पूरा गर्ने सिलसिलामा थुप्रै पूर्वाधार विकास गर्नुपर्ने हुन्छ। दक्ष कर्मचारी भर्ती गर्नुपर्छ। तिनको तलबभत्ता बेहोर्नुपर्छ। कम्पनीले गरेको आम्दानी त्यही कम्पनीको विकासमा लगाउँदा नाफा बाँड्न सकिएको हुन्न।

संस्थापकले एक हैन, दुई हैन, तीन हैन, चार/पाँच वा त्योभन्दा बढी समयसम्म आफ्नो लगानीको एक पैसा ब्याजसमेत पाएका हुँदैनन्। पाँच/छ वर्षपछि त्यही कम्पनीमा नयाँ व्यक्ति सहभागी वा सेयरधनी बन्न खोज्छ भने स्वाभाविक रूपमा उसले त्यस कम्पनीमा संस्थापकले गरेको मेहनतको मूल्य चुकाउनुपर्छ। यसको मतलब संस्थापकलाई रकम बुझाउनुपर्छ भन्ने हैन।

संस्थापकले ग्रहण गरेको सेयर भए संस्थापक सेयरधनी र नयाँ बन्न आउने सेयरधनीबीच आपसी समझदारीमा मूल्य तय भएर किनबेच हुन सक्छ। यो अलग पाटो हो। यसमा कम्पनीले पुरानो सेयरधनी गुमाउँछ र नयाँ सेयरधनी पाउँछ। कम्पनीको सम्पूर्ण पूर्वाधार तयार भएर नाफा आउने बेलामा छिर्न खोज्ने जो कोहीलाई कम्पनीले सेयरको अंकित मूल्यमा केही रकम थप गरेर लिनु नौलो कुरा हैन। यसलाई स्वाभाविक रूपमा लिनुपर्छ। यही थप हुने रकमलाई प्रिमियम भनिन्छ। यस्ता प्रिमियम रकम कम्पनीको आम्दानी हैन र यो पुँजीसरह हो। प्रिमियम रकम कहाँ कसरी खर्च गर्न सकिन्छ भन्ने विषयमा कानुनले नै निर्दिष्ट गरेको छ।

### प्रिमियमको कानुन

सेयर प्रिमियमको तालुकी कानुन कम्पनी ऐन, २०६३ हो। ऐनको दफा २ (ल) मा "प्रिमियम मूल्यको सेयर" भन्नाले सेयरको अंकित मूल्यभन्दा बढी मूल्यमा बिक्री हुने गरी कम्पनीले जारी गरेको सेयर सम्झनुपर्छ भनेर परिभाषा गरेको छ। ऐनले प्रिमियमको परिभाषामा उपयोग गरेको "अंकित मूल्यभन्दा बढी मूल्यमा बिक्री हुने गरी" भने पनि प्रिमियमसहित वा परल मूल्यको सेयर दुवै बिक्री हैन।

परिभाषामा बिक्री शब्द परे पनि ऐनको दफा २९(१) मा "धितोपत्रसम्बन्धी प्रचलित कानुनबमोजिम धितोपत्रको सार्वजनिक निर्गमन गर्न सक्ने कुनै पब्लिक कम्पनीले धितोपत्रसम्बन्धी प्रचलित कानुनमा उल्लिखित सर्त तथा अवस्थाबमोजिम प्रिमियम मूल्यको सेयर जारी गर्न सक्नेछ" भन्ने उल्लेख गरेर प्रिमियम थपिने सेयरलाई "जारी" भनेको छ। दफा २९(२) मा अंकित मूल्यभन्दा बढी रकम "प्रिमियम खाता" खोली जम्मा गर्नुपर्नेछ भन्ने व्यवस्था छ। यो व्यवस्थाले प्रिमियम कम्पनीको आम्दानी हैन भन्ने कुरालाई स्थापित गरेको छ।

### प्रिमियमको उपयोग

प्रिमियम रकम पुँजीसरह भए पनि यसलाई निश्चित शीर्षकमा प्रयोग (खर्च) गर्न सकिने व्यवस्था कम्पनी ऐनले गरेको छ। ऐनको दफा २९(३) मा प्रिमियम रकम कुन शीर्षकमा खर्च गर्न सकिन्छ त्यसको सूची नै दिएको छ। उक्त दफाअनुसार यस्तो रकम (१) जारी नगरिएको सेयर पुँजीमध्येबाट सेयरधनीलाई पूर्ण मूल्य चुक्ता भएको बोनस सेयर जारी गर्न, (२) फिर्ता हुने कुनै अग्राधिकार सेयर फिर्ता गर्दा तिर्नुपर्ने प्रिमियमको सम्बन्धमा रकम व्यवस्था गर्न, (३) कम्पनीले गरेको प्रारम्भिक खर्च मिनाहा गर्न, र (४) कम्पनीको सेयर जारी गर्ने सम्बन्धमा भएको खर्च वा भुक्तानी गरिएको कमिसन वा डिस्काउन्ट रकम व्यहोर्न वा शोधभर्ना गर्न खर्च गर्न सकिन्छ। भारतमा भने यस्तो रकम आफ्नो सेयर आफैं किन्न (बाई ब्याक) मा समेत उपयोग गर्न सकिने व्यवस्था छ। ऐनले खर्च गर्न सकिने भनेर दिएको शीर्षकमा के कसरी खर्च गर्न सकिन्छ त्यसको बारेमा संक्षेपमा बुँदागतरूपमा चर्चा गरौं।

१. बोनस सेयर– ऐनले दिएको खर्च हुने शीर्षकमा "जारी नगरिएको सेयर पुँजीमध्येबाट" भन्ने वाक्यांश परेको छ। यसो भन्नुको अर्थ के हो भने कम्पनीले पुँजी जारी गरिसकेको छ तर, चुक्ता भएको छैन भने प्रिमियम रकमले खामेसम्मको संख्यामा बोनस सेयर जारी गर्न सकिन्छ भन्ने हो। उदाहरणको लागि कुनै कम्पनीको जारी पुँजी ५० करोड, चुक्ता पुँजी ३० करोड रुपैयाँ छ र

***बाँकी तेश्रो पेजमा***

## पहिचानबारे...............

त्यसबेला सुब्बाहरू अहिलेका स्थानीय तहहरूका प्रमुखहरूजस्तै अधिकार उपयोग र उपभोग गर्थे। त्यहाँ हुने विकास, दैनिक प्रशासन र न्याय सम्पादन उनीहरू आफ्नै मौलिक शैलीमा गर्थे। त्यसबेलाका सुब्बाहरूले बसाइँ सरी आएका क्षत्री र बाहुन समुदायलाई जग्गाजमिन उपलब्ध गराएर उनीहरू सबैको बसोबासको उचित व्यवस्था गरिदिने चलन थियो। जनजाति जस्तै लिम्बू/सुब्बाले त्यसबेला आफूसँग जे जति जमिन थियो सबै बाँडिदिए। पछि भूमिसुधार ऐनले उनीहरूलाई आफ्नै पुर्ख्यौली भूमिमा सुकुम्बासी बनायो। हुन त राज्यले उनीहरूमाथि थिचोमिचो ऊबेलादेखि नै गर्न सुरु गरेको थियो, अहिले सडकमा चिच्याउनेहरूको त के कुरा गर्नु ?

पहिचानको मुद्दालाई लिएर संविधान निर्माणका क्रममा यति धेरै विवाद भए कि भनी साध्य नै थिएन। के ती विवाद साँच्चीकै विवाद थिए ? ती विवाद जबर्जस्त सिर्जना गरिएका थिए भन्दा फरक नपर्ला। यी विवाद र जबर्जस्ती सिर्जना गरिएका मिथकहरूका पछाडि मुख्य तीन उद्देश्य थिए। एक, पहिचानको मुद्दालाई निस्तेज पार्नु। दोस्रो, पहिचानमा आधारित संघीय संरचनालाई अस्वीकार गर्नु। तेस्रो जातीय, सामाजिक, भाषिक र धार्मिक वर्चस्वलाई निरन्तरता दिनु।

सारमा भन्नुपर्दा कुनै समुदायलाई सडकमा पुऱ्याएर निष्कर्षमा पुग्न सकिँदैन। सुरुका दिनमा माओवादी द्वन्द्वलाई हलुका रूपमा लिँदा त्यसले पछि भयावह परिस्थिति सिर्जना गरेको थियो। पहिचानसहितको मधेस प्रदेशले कुनाकाप्चामा उठ्ने गरेका "अलग मधेस"को आवाज आजभोलि सुन्न छाडिएको छ। यो पहिचानसहितको मधेस प्रदेशको देन हो। देश विखण्डनको कल्पना गर्न त सकिँदैन। तर, यहाँ बसोबास गर्ने सबै जातजाति तथा समुदायको भावनामा ठेस पुऱ्याएर शान्ति, एकता र समृद्धि कल्पना गर्न सकिँदैन। सबैको समाधान फेरि पनि वार्ता नै हो। वार्तामार्फत सबैको भावनालाई सम्मान गर्न सक्ने वातावरणको निर्माण अबको आवश्यकता हो। यसमा राज्यको ध्यान बेलैमा पुगोस्। सभार : अन्नपूर्णपोष्ट

## सेयर प्रिमियम..........

प्रिमियममा १० करोड रुपैयाँ छ भने उक्त कम्पनीले प्रिमियम रकम पूरै वा केही रकम प्रयोग गरी पूर्ण मूल्यको बोनस सेयर जारी गर्न सक्छ। यहाँ पूर्ण मूल्य भन्नाले अंकित मूल्य हो। यस्तो प्रचलन नेपालमा व्यापक छ।

२. अग्राधिकारको प्रिमियम– यो दोस्रो व्यवस्थाअनुसार कुनै कम्पनीले जारी गरेको अग्राधिकार सेयर फिर्ता गर्दा अग्राधिकार सेयरको अंकित मूल्यमा निश्चित रकम प्रिमियमसहित फिर्ता गरिने हुने व्यवस्था गरिएको छ भने सो रकम प्रिमियम रकमबाट बेहोर्न सकिन्छ। उदाहरणको लागि कुनै कम्पनीले पाँच वर्षको लागि अग्राधिकार सेयर एक सय रुपैयाँ अंकित मूल्यमा जारी गर्दा अन्तिम अर्थात् पाँचौं वर्ष एक सय १० रुपैयाँ फिर्ता गरिने व्यवस्था गरिएको छ भने एक सय रुपैयाँ पुँजी फिर्ता कोषबाट र बाँकी १० रुपैयाँ प्रिमियमबाट बेहोर्न सकिन्छ। यस्तो अभ्यास नेपालमा देखिएको छैन।

३. पूर्वसञ्चालन खर्च– कम्पनी स्थापना हुनुभन्दा अघिदेखि नै खर्च हुन्छ। यस्तो खर्च कसले गर्छ भन्ने धेरैलाई लाग्दो होला। यस्ता खर्च कम्पनीले नै गर्ने गरी कम्पनीको प्रबन्धपत्रको दफा १२(१) कम्पनी संस्थापना गर्दा लागेको खर्च कम्पनी आफैंले व्यहोर्नेछ भन्ने व्यवस्था गरिएको हुन्छ। कम्पनीले नै बेहोर्ने उल्लेख हुँदा कम्पनीले आफ्नो उद्देश्यअनुसारको कार्य गरी कमाएर तिर्नुपर्छ। पूर्वसञ्चालन खर्च भन्नाले प्रबन्धपत्र तथा नियमावली तयार पार्न लाग्ने कानुनी खर्च, छपाइ तथा मसलन्द खर्च, स्थापना हुने कम्पनीले गर्ने कार्यसम्बन्धी कार्ययोजना तयार गर्न लाग्ने खर्च, आवश्यक परेमा परामर्शदाता नै नियुक्त गर्नु परेमा परामर्शदाता खर्च आदि हुन्।

यस्ता पूर्वसञ्चालन खर्च कति समयमा कटाउन सकिन्छ भन्ने खास उल्लेख गरिएको छैन। कम्पनी ऐनले लाभांश वितरण गर्दा ऐनको दफा १८२(६) मा पूर्वसञ्चालन खर्च पूर्णरूपमा कट्टा भएको हुनुपर्ने व्यवस्था गरेको छ। यस हिसाबले कुनै कम्पनीले पहिलोपटक लाभांश वितरण गर्ने प्रस्ताव गर्दा पूर्वसञ्चालन खर्च कम्पनीको आम्दानीबाट पूर्णरूपमा कट्टा भइसकेको हुनुपर्ने व्यवस्थाले यति नै समयभित्र कट्टा गरिसक्नुपर्छ भन्ने अवधि तोकेको देखिन्न।

पूर्वसञ्चालन खर्च सम्बन्धमा कुमारी बैंक लिमिटेडका तत्कालीन अध्यक्ष नूरप्रताप जंगबहादुर राणाविरुद्ध नेपाल राष्ट्र बैंक भएको मुद्दामा सर्वोच्च अदालतले "बिना बिल भरपाई गरिएको भनिएको खर्चले वास्तविक खर्चको मान्यता प्राप्त गर्न नसक्ने भएकाले सम्बन्धित कागजात (सपोर्टेड डकुमेन्ट) बिना नै पूर्वसञ्चालन खर्चको नाममा देखाइएको अप्रमाणित खर्चलाई स्वीकृत दिन नमिल्ने" भनेको थियो।

ऐनले यस्ता पूर्वसञ्चालन खर्चबापतको रकम संकलित प्रिमियम रकमबाट कट्टा गर्न सकिन्छ भनेको छ। ऐनले पूर्वसञ्चालन खर्च कट्टा भइसकेपछि कुनै तरहले प्रिमियम संकलित भएमा पहिले कट्टा गरिसकिएको यस्ता खर्च प्रिमियमबाट कट्टा गरी पहिले कट्टा गरिएको खर्चलाई अन्य वा असामान्य आम्दानी भनी लेखांकन गर्न सकिने वा नसकिने कुनै उल्लेख गरेको छैन। यसो गर्न नपाइने हो भने यस्तो व्यवस्था ऐनमा राख्नुको अर्थ देखिन्न।

४. कमिसन वा डिस्काउन्ट– कम्पनीले सेयर जारी गर्दा प्राप्त गरेको प्रिमियम रकम सेयर जारी गर्ने सम्बन्धमा भएको खर्च वा भुक्तानी गरिएको कमिसन वा डिस्काउन्ट रकम व्यहोर्न वा शोधभर्ना गर्न खर्च गर्न सकिन्छ। उदाहरणको लागि कुनै कम्पनीले सेयर जारी गर्दा विभिन्न शीर्षकमा खर्च हुन्छ। यस्तो रकम भुक्तानी गर्न प्रिमियमबाट खर्च गर्न मिल्छ। त्यस्तै, कर्मचारी वा अन्य कुनै विशेष वर्गलाई छुट दिएर सेयर जारी गरिएको हुन सक्छ। यस्तो छुट दिइएको रकम यस्तै प्रिमियम रकमबाट शोधभर्ना गराउन सकिन्छ। उदाहरणको लागि कुनै कम्पनीले सर्वसाधारणलाई प्रिमियममा सेयर जारी कर्मचारीलाई अंकित मूल्यमा १० रुपैयाँ छुट दिएमा उक्त छुट हुन आएको रकम प्रिमियमबाट शोधभर्ना गर्न सक्छ।

५. बाईब्याक– कम्पनीले जारी गरेको आफ्नै सेयर आफैंले किन्न सक्छ। यसलाई बाईब्याक भनिन्छ। नेपालमा भने यस्तो कानुनी व्यवस्था भए पनि अहिलेसम्म कम्पनीले सेयर बाईब्याक गरेका छैनन्। भारतमा यस्ता घट्ना सामान्य मानिन्छ। कम्पनीले सञ्चित नाफा र सेयर प्रिमियम रकमबाट बाईब्याक गर्न सक्छ। नेपालमा सञ्चित नाफा रकमबाट मात्र बाईब्याक गर्न सकिन्छ। भारतमा प्रिमियमबाट पनि बाईब्याक गर्न सकिन्छ।

उल्लेखित आधार र कारणबाट सेयर प्रिमियम कम्पनीको आम्दानी हैन भन्ने बुझ्न सकिन्छ। यति हुँदाहुँदै पनि महालेखा परीक्षक (मलेप) ले यस्तो रकममा कर किन नलिएको भन्नु अनुचित कुरो हो। मलेपले कानुनमा के छ मात्र हेर्ने हैन, कानुन गलत तरिकाले निर्मित हुन गएको छ भने त्यस्ता गलत कानुन सच्याउन लगाउनुपर्छ।

उदाहरणका लागि बोनस सेयरलाई वितरण मानी आयकर कानुनले लाभांश कर लिइरहेको छ। बोनस सेयरमा कर लाग्नु भनेको पुँजीमा कर लागेसरह हो। पुँजीमा पुँजीगत लाभकर लाग्छ। जुन दिन सेयरधनीले बोनस सेयर बिक्री गर्छ त्यतिबेला अंकित मूल्यभन्दा बढी

***बाँकी चौथो पेजमा***

# अन्तर्राष्ट्रिय समाचार

## लाइबेरियामा इन्धन बोकेको ट्याङ्कर दुर्घटना, ४० भन्दा बढीको मृत्यु



मध्य लाइबेरियामा इन्धन बोकेको ट्याक्तर ट्रक दुर्घटना हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको त्यहाँका प्रमुख चिकित्सा अधिकारीले स्थानीय सञ्चारमाध्यमसँग बताएका छन्।

राजधानी मोनरोभियाबाट करिब १३० किलोमिटर टाढा रहेको टोटोटामा पेट्रोल बोकेको ट्याक्तर बुधबार दुर्घटनाग्रस्त भएर सडक नजिकैको खाडलमा खसेको थियो। त्यसपछि चुहिएको ग्यास भर्न स्थानीय घटनास्थलमा जम्मा भएका थिए।

चिकित्सक फ्रान्सिस कातेहले स्थानीय प्रसारक सुपर बोन्जिज टिभीसँग भने, "पेट्रोलियम पदार्थ बोकेको ट्याक्तर दुर्घटनाग्रस्त हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको अनुमान गरिएको छ। घटनास्थलमा देखिएका जलेका मानवीय अवशेष हेर्दा यो संख्या अहिले जानकारीमा आएकोभन्दा केही बढी हुन सक्छ। यसका लागि प्रहरीले घटनास्थलबाट मृत शरीर उठाउने र परीक्षणका लागि अस्पतालसम्म पुऱ्याउने काम गरिरहेको छ।"

उनले भने, "हाम्रो टोली घर-घरमा गएर हराएकाहरूको खोजी गरिरहेको छ।"

प्रहरीले यसअघि मृतकको संख्या १५ रहेको र स्थानीयहरू घटनास्थलमा भेला हुँदा कम्तीमा ३० जना घाइते भएको बताएको थियो।

लाइबेरिया राष्ट्रिय प्रहरीका प्रहरी नायब महानिरीक्षक प्रिन्स बी मुलबाहले भने, "त्यहाँ धेरै मानिसहरू जलेका छन्। मृतकको संख्या तत्काल यति नै रहेको भन्न कठिन छ।"

अर्का प्रहरी अधिकारी मालिभन साकोरका अनुसार दुर्घटनापछि केही स्थानीयले चुहिएको ग्यास भरिरहेका समय ट्याक्तर विस्फोट हुँदा हताहत हुनेको संख्या धेरै पुगेको छ।

टोटोटाका एक प्रत्यक्षदर्शी आरोन मासाकोइले एएफपीसँग भने, "मानिसहरू ग्यास लिन ट्रकमाथि चढेका थिए भने केहीले ट्याक्तरबाट ग्यास निकाल्न फलामका रडले ट्याक्ती खोपेका र यसरी निस्केको ग्यास आगोको सम्पर्कमा पुग्दा विस्फोट हुन पुगेको थियो।"

मासाकोइले भने, "ट्रकको चारैतिर मानिसहरु थिए र ट्रकका चालकले उनीहरूलाई चुहिएको ग्याँस लिन सक्ने अनुमति दिएको थिए तर उनीहरूलाई ट्याक्तरमाथि नचढ्न र ट्याक्तरलाई ठक्कर दिन रोक्न अनुरोध गरे पनि नमान्दा ठूलो मानवीय दुर्घटना हुनपुगेको छ। केही मानिसहरूले ट्याक्तीमा प्वाल पार्न स्क्रूड्राइभरहरू पनि प्रयोग गरिरहेका थिए।"

## रूसद्वारा सबैभन्दा बढी तेल चीन र भारततर्फ निर्यात



युक्रेन द्वन्द्वका कारण पश्चिमा मुलुकले लगाएको प्रतिबन्धको करिब दुई वर्षपछि रूसले यूरोपको सट्टा चीन र भारततर्फ इन्धन निर्यात गर्न पुनः निर्देशन दिएको उपप्रधानमन्त्री अलेक्जेन्डर नोभाकले बुधबार बताएका छन्।

राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरी २०२२ मा युक्रेन आक्रमणका लागि रूसी सेना पठाएपछि पश्चिमा देशहरूले रूसको समुद्री तेल आपूर्तिमा यूरोपेली संघ (ईयू) सहितका मुलुकहले विभिन्न प्रतिबन्धहरू लगाएका थिए।

"हामीले पहिले यूरोपमा कूल ४० देखि ४५ प्रतिशत तेल र ग्यास उत्पादन आपूर्ति गरेका थियौं। यो वर्ष यो संख्या कूल निर्यातको चारदेखि पाँच प्रतिशतभन्दा बढी नहुने हाम्रो अनुमान छ," नोभाकले एक टेलिभिजन अन्तर्वार्तामा भने।

यूरोपमा आफ्नो बजार हिस्सा गुमाइरहेको बेला मस्कोले चीनलगायत अन्य क्रेताहरूलाई आकर्षित गरेको छ। रिपोर्ट अनुसार भारतले रूसबाट छुट पाएको कच्चा तेललाई परिष्कृत गरेर यूरोपेली ग्राहकलाई बिक्री गर्न सफल भएको छ।

यो रूसी तेलको लागि पर्दा पछाडिको मार्ग हो र यसले यूरोपमा प्रतिबन्धहरूको प्रभावलाई कमजोर पार्ने आलोचकहरूले बताएका छन्। मस्कोले ईयू राष्ट्रहरूमा आफ्नो निर्यात कटौती गरेपछि रूसले पनि आफ्नो प्राकृतिक ग्याँस निर्यातको लागि नयाँ बजारहरू फेला पार्नुपरेको छ, जसले नयाँ आपूर्तिकर्ताहरूको पनि खोजी गरेको छ।

नोभाकले सन् २०२३ मा प्रतिबन्धका बावजुद रूसी ऊर्जा उद्योगको सफलतापूर्वक विकास भएको बताए। नोभाकले रूसको तेल र ग्याँसबाट यस वर्ष करिब नौ ट्रिलियन रुबल (९८ अर्ब अमेरिकी डलर) आम्दानी हुने अपेक्षा गरेका छन्।

नोभाकका अनुसार तेल र ग्यास उद्योगले रूसको कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत हिस्सा ओगटेको छ, जसले रूसको निर्यात राजस्वको ५७ प्रतिशत ओगटेको छ।

नोभाकले रूस अन्य खरिदकर्ताका लागि खुला रहेको पनि बताएका छन्। "विश्वमा खासगरी ल्याटिन अमेरिकी, अफ्रिकी र एशिया–प्रशान्त क्षेत्रका अन्य देश गरी धेरै मुलुकले रूसी तेल खरिद् गर्न चाहन्छन्।"

अनुरोध ! अनुरोध ! अनुरोध !
– वन जंगल हामी सबैको साझा सम्पत्ति हो।
– यसको अनधिकृत दोहन गर्ने, मास्ने काम गर्ने जस्ता कार्य नगरौं।
– संरक्षण गरौं र गराऔं।
– वनजंगलको संरक्षणले वन्यजन्तु, वनस्पत्ति मानव तथा वातावरणीय सन्तुलन कायम राख्न मद्दत गर्दछ।
– कसैले अनधिकृत रुपमा वनजंगल/वन्यजन्तु वा वनस्पत्तिमा क्षति गरेको देखिए नजिकको प्रहरी कार्यालय वा डिभिजन वन कार्यालयमा खबर गरी राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं।
डिभिजन वन कार्यालय
सिमरा, बारा

अनुरोध ! अनुरोध ! अनुरोध !
वन जंगल हामी सबैको साझा सम्पत्ति हो।
यसको अनधिकृत दोहन गर्ने, मास्ने काम गर्ने जस्ता कार्य नगरौं। संरक्षण गरौं र गराऔं।
वनजंगलको संरक्षणले वन्यजन्तु, वनस्पत्ति मानव तथा वातावरणीय सन्तुलन कायम राख्न मद्दत गर्दछ।
कसैले अनधिकृत रुपमा वनजंगल/वन्यजन्तु वा वनस्पत्तिमा क्षति गरेको देखिए नजिकको प्रहरी कार्यालय वा डिभिजन वन कार्यालयमा खबर गरी राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं।
डिभिजन वन कार्यालय
चन्द्रनिगाहपुर, बारा

कालिकामाई गाउँपालिकाको अनुरोध
जथाभावी फोहर नफालौं,
आफ्नो घर वरपर सफा,
स्वच्छ र सुन्दर राखौं।
कालिकामाइ गाउँपालिकाको कार्यालय
हरिहरपुर बिर्ता, पर्सा

## फोटो क्याप्सन



पर्सा प्रहरीले खोलाबाट अवैध रूपले बालुवा उत्खनन गरी चोरी निकासी गरिरहेको अवस्थामा बिहीबार पाँच वटा ट्याक्टरलाई नियन्त्रणमा........................

### सेयर प्रिमियम...........

भएमा पुँजीगत लाभ कर लगाउनुपर्छ भन्ने कैफियत टिप्पणी मलेपले लेख्नुपर्ने थियो ।

मलेपले बुझ्नुपर्ने कुरो अर्को के पनि छ भने कुनै पनि कम्पनीले सेयर बिक्री गर्दैन, किनकि सेयर पुँजीको अंश हो। पुँजी दायित्व हो। अंश पुँजीमा थपिएर आउने प्रिमियम पनि पुँजी नै हो । यस्ता पुँजीलाई कानुनले नै खर्च गर्ने शीर्षक तोकिदिएर सर्तबन्देज लगाएको छ। साथै यसलाई सेयर प्रिमियम भन्ने छुट्टै शीर्षकमा लेखांकन गर्नुपर्ने व्यवस्था कम्पनी ऐनले नै गरेको छ । यसलाई वासलातमा सेयर प्रिमियम शीर्षकमा लेखांकन गरिन्छ। माथि उल्लेखितबाहेक यस्ता रकमले ऋण तिर्न वा लगानी गर्न सकिन्छ । ऋण तिर्न वा लगानी गर्नुलाई खर्च भनिन्न। यसर्थ, सेयर प्रिमियमलाई मलेपले बेरुजु देखाउनु र सरकारले आम्दानी मानेर कर लाग्छ भनेर गरेको व्यवस्था स्वार्थ अनुचित कार्य हो । सभार : अन्नपूर्णपोष्ट

### शनिबार देखि............

जानकारी दिए। सोही क्रममा शर्माले छिमेकी मुलुक भारतबाट आउनु भएकी कथा ब्यास प्रभु चरका आयुषी नित् तिवारी (श्री जी)ले सात दिन सम्म प्रवचन दिनु हुने विषय समेत सचिव शर्माले बताए ।

पत्रकार सम्मेलनमा अध्यक्ष मदन प्रसाद यादव, अखिलेश गुप्ता, वृजेश साह, नितेश अग्रवाल, विकाश शर्मा, विशाल बेरिवाल, गोपाल प्रसाद गुप्ता लगायतका उपस्थिति रहेको थियो ।

### एपीएफसँग..............

रन खर्चिएर दुई विकेट, रमेश कुर्मीले चार ओभरमा १८ रन दिएर दुई विकेट र अमर सिंह रोटैलाले चार ओभरमा १५ रन दिएर एक विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको एपीएफले पुरा २० ओभर खेल्दै ९ विकेटको क्षतिमा १२८ रन बनाएको थियो। उसका लागि कप्तान प्रदीप ऐरीले अर्धशतकीय पारी खेले ।उनले ४२ बलमा ५२ रन बनाए । यस्तै लोकेश बमले ११ बलमा १९ रन र पुरण विश्वकर्माले २३ बलमा १८ रन बनाए ।

बलिङतर्फ पर्सा –११ का कप्तान सन्दीप लामिछानेले चार ओभरमा ३५ खर्चिएर दुई विकेट, रुपेश सिंहले तीन ओभरमा १६ रन दिएर दुई विकेट र रन्जित कुमारले दुई ओभरमा १७ रन दिएर दुई विकेट लिए ।

सेमिफाइनलमा यसअघि त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र भारतको वन्डर्स क्लब नोयडा प्रवेश गरिसकेका छन् । शुक्रबार प्रतियोगिताको दुवै सेमिफाइनल खेल हुनेछ। शुक्रबार पहिलो सेमिफाइनल खेल त्रिभुवन आर्मी क्लब र पर्सा ११ तथा दोस्रो सेमिफाइनल खेलमा वन्डर्स क्लब नोयडा र नेपाल पुलिस क्लबबीच हुनेछ ।

प्रतियोगिताको फाइनल खेल शनिबार हुने आयोजक पर्सा क्रिकेट संघका अध्यक्ष मनिष सिंहले जानकारी दिए ।

**छोराछोरीमा भेदभाव नगरौं, दुबैलाई समान व्यवहार गरौं ।**

## एनसेल बिक्री प्रकरणमा सांसदले मागे संसदीय छानबिन

काठमाडौं, १२ पौष ।

सांसदहरुले एनसेलको बिक्रीका विषयमा संसदीय छानबिनको माग गरेका छन् ।

बिहीबार प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा बोल्दै सांसदहरुले सरकारले गठन गरेको छानबिन समितिले गर्ने अनुसन्धानमा आशंका गर्दै संसदीय छानबिनको माग गरेका हुन् ।

"सरकारले गठन गरेको समितिले प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीको बयान लिन सक्छ ?" राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद सुमना श्रेष्ठले प्रश्न गरिन् ।



प्रतिनिधि सभाकै राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एनसेलको शेयर खरिदकर्तासँग आफ्नो, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र केपी शर्मा ओलीको सम्बन्ध रहेको बताएका थिए ।

प्रधानमन्त्रीको उक्त भनाइ स्मरण गर्दै उनले भनिन्, "आफू उपचारका लागि जाँदा बसेको, पूर्वप्रधानमन्त्रीहरु उपचारका लागि सिंगापुर जाँदा बसेको भन्नुभएको छ । यसो हो भने उहाँहरुको कुरा छानबिन समितिले सुन्नु पर्दैन ?" सांसद श्रेष्ठले यो विषयमा अध्ययन गर्न संसदीय छानबिन नै आवश्यक पर्नेमा जोड दिइन् ।

नेकपा एमालेका सांसद प्रभु हजराले एनसेलको शेयर खरिदबिक्रीबारे अध्ययन गर्न पूर्व कर्मचारीको नेतृत्वमा सरकारले बनाएको समितिले प्रभावकारी काम गर्न नसक्ने दाबी गरे । "कर्मचारीहरु आफैँ नतमस्तक हुन्छन् । यसकारण संसदीय छानबिन समिति चाहिन्छ", उनले भने ।

मलेसियन कम्पनी आजियाटाले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत सेयर गैरआवासीय नेपाली सतीशलाल आचार्यको कम्पनी स्पेक्ट्रलाइट युके लिमिटेडलाई पाँच करोड अमेरिकी डलर (६ अर्ब ६६ करोड रूपैयाँ)मा बिक्री गरेको बताएको छ। यस्तो सूचना बाहिरिएसँगै यसका सम्बन्धमा प्रश्न उठेको थियो।

त्यसपछि सरकारले गत मंसिर २९ गते पूर्वमहालेखापरीक्षक टंकमणि शर्माको संयोजकत्वमा एनसेलको सेयर खरिद बिक्रीका सम्बन्धमा अध्ययन गर्न छानबिन समिति गठन गरेको थियो ।

एक महिनाको अवधि पाएको यो समितिमा नेपाल सरकारका सचिव फणीन्द्र गौतम, सहसचिव रितेशकुमार शाक्य, सहसचिव बाबुराम भण्डारी र सुजनकुमार काफ्ले सदस्य रहेका छन् ।

माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले भने सरकारले गठन गरेको समितिको प्रतिवेदन आएपछि मात्र अरु विषयमा छलफल गर्नु उचित हुने बताए ।

"सरकारले गठन गरेको छानबिन समितिले दिने निर्णय वा प्रतिवेदनबाट प्रष्ट हुन सकिएन भने त्यो भन्दा माथिल्लो स्तरको समिति बनाउनुपर्ने हुन्छ", उनले भने ।

नेपाली कांग्रेसका सांसद बद्री पाण्डेले सरकारले गठन गरेको छानबिन समितिले उचित निचोड दिनुपर्ने बताए । "छानबिन समितिले उचित निक्र्योल दिन सकेन भने संसदीय छानबिन समिति गठन गर्न बाध्य हुनेछौं", उनले भने ।

छलफलमा सहभागी सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सरकारले गठन गरेको छानबिन समितिको निष्कर्ष कुर्न आग्रह गरिन् ।

"एक महिनाको अवधि पाएको समितिले समयमै काम सक्ने प्रतिवद्धता जनाइरहेको छ । त्यसको निर्णय आएपछि सरकारले आवश्यक निर्णय गर्छ" मन्त्री शर्माले भनिन्, "मलाई विश्वास छ छानबिन समितिले उचित निर्णय दिन्छ ।"

**सडक चोकमा होडिङ्ग बोर्ड, साईन बोर्ड, ब्यानर राख्दा गाउँपालिकासँग पुर्व स्विकृति लिएर मात्र राखौं ।**

नेपाल विद्युत प्राधिकरणको अनुरोध
समयमै विद्युत महसुल तिरी
अनावश्यक लाईन काटिने
झन्झटबाट बचौं ।
विद्युत चुहावट नियन्त्रण
अभियानमा सहभागी बनौं ।
नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा, वीरगंज वितरण केन्द्र, वीरगंज पर्सा

नेपाल विद्युत प्राधिकरणको अनुरोध
समयमै विद्युत महसुल तिरी
अनावश्यक लाईन काटिने
झन्झटबाट बचौं ।
विद्युत चुहावट नियन्त्रण
अभियानमा सहभागी बनौं ।
नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा, सिमरा वितरण केन्द, सिमरा, बारा

बेटी पढाऔं
बेटी बचाऔं ।
- पर्सागढी नगरपालिका कार्यालय

जन्म-मृत्यु, विवाह, सम्बन्ध-बिच्छेद, व्यक्तिगत घटना समयमै दर्ता गराऔं
- बहुदरमाई नगरपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय अभियानमा सहयोग पुऱ्याऔं
- बिन्दवासिनी गाउँपालिका कार्यालय

भैंसी, बाख्रा एवं कुनै पनि चौपाया सडकमा नछोडौं असल नागरिक बनौं
- जीराभवानी गाउँपालिका कार्यालय

पर्यटकीयस्थलको संरक्षण र सम्बर्द्धनको विकासमा जुटौं ।
- ठोरी गाउँपालिका कार्यालय

बिरुवा रोपौं, रुखको संरक्षण गरौं वातावरण जोगाऔं ।
- छिपहरमाई गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं ग्रामीण विकासको अभियानमा जुटौं।
- पटेर्वा सुगौली गाउँपालिका कार्यालय

भ्रष्टाचार रोकौं, पारदर्शी बनौं ।
- कालिकामाई गाउँपालिका कार्यालय

दिगो कृषि विकासमा जुटौं गरिबीलाई भगाऔं ।
- जगरनाथपुर गाउँपालिका कार्यालय

सबैखाले अन्याय, अत्याचारविरुद्ध जुटौं, समान हक अधिकार स्थापना गरौं
- धोबिनी गाउँपालिका कार्यालय

शौचालय बनाऔं गाउँलाई खुला दिसामुक्त बनाऔं
- पकाहा मैनपुर गाउँपालिका कार्यालय

देवीप्रकोप र रोग व्याधीबाट बच्न समयमै सतर्कता सजग बनौं ।
- सखुवा प्रसौनी गाउँपालिका कार्यालय